का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ८७
❐ १ जेठ २०७७, बिहीबार
❐ 14 May 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेट: बुधबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | २४३ जना | ३५ जना | २१३४० | २४५ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ४३ लाख ४५ हजार | १६ लाख २२ हजार | २ लाख ९४ हजार | २४ लाख ५८ हजार |

# कालापानीमा बीओपी

**विवादित कालापानीमा सशस्त्र प्रहरीको बीओपी स्थापना गरिएको छ । प्रहरी निरीक्षकको नेतृत्वमा अहिले २५ जना रहने बीओपीमा थप सुरक्षाकर्मी समेत पठाइने भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ वैशाख ।

नेपालको लिपुलेक अतिक्रमण गरी भारतले चीनसँग जोड्ने सडक उद्घाटन गरेपछि नेपाल-भारत सीमा विवाद बल्झिएको छ। भारत सरकारले लिपुलेकको २२ किलोमिटर अतिक्रमण गरी मानसरोवर जोड्ने सडक बनाएको छ। कोभिड-१९ को महामारीकै मौका छोपेर भारतीय पक्षबाट सडक बनाइएको छ । भारतीय अतिक्रमण विरुद्ध नेपाल सरकारले कडा आपत्ति जनाएको छ ।

भारतीय राजदूत विनय मोहन क्वात्रासँग परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले यसबारे आपत्ति जनाउनुका साथै कुटनीतिक नोट थमाएको छ। भारतसँग प्रधानमन्त्री र मन्त्री स्तरीय वार्ताका लागि तयार रहने निर्णय गरेको सरकारले बुधबार सर्वदलीय बैठक राखेको छ भने दार्चुलाको कालापानीमा सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्ट (बीओपी) स्थापना गर्ने भएको छ ।

सीमा अतिक्रमणबारे यसअघि धेरै पटक भारतसँग वार्ताको प्रयास गरेको नेपाल सरकारले यसपटक भने दार्चुलाको छाङरुमा बीओपी स्थापना गर्ने भएको छ । भारतले नेपाली भूमि अतिक्रण गरेर सडक बनाएपछि सशस्त्र प्रहरीको उपस्थिति हुन लागेको हो । नेपाली सेनाको हेलिकोप्टरबाट सशस्त्रको टोली त्यहाँ पुगेको हो ।

सशस्त्र प्रहरीका सीमा सुरक्षा विभाग प्रमुख एआईजी नारायणबाबु थापाको उपस्थितिमा बीओपी स्थापना भएको छ। बीओपी स्थापना गर्न सेनाको एम-१६ हेलिकोप्टरमार्फत् गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राई लगायतको टोली त्यहाँ पुगेको छ । दार्चुला सदरमुकाममा हेलिकोप्टर राखेर त्यहाँबाट १२ जना सशस्त्र प्रहरी त्यहाँ लगिएको हो । पहिलो चरणमा २५ जनालाई त्यहाँ राखिने भएको छ । थप सुरक्षाकर्मी केही दिनमा पठाइने भएको छ ।

बीओपी विवादित कालापानी भन्दा १२ किलोमिटर वर स्थापना गरिएको छ । त्यहाँ, सशस्त्र प्रहरीका निरीाक लिलिबहादुर चन्दले नेतृत्व गर्ने भएका छन् । घाडाको घर लिएर बीओपी स्थापना गरिएको हो । त्यहाँ, नेपाल प्रहरीको चौकी पनि छ ।



दार्चुलाको व्यास गाउँपालिका-१ छाङ्गरू गागामा बोर्डर आउट पोष्ट (बीओपी) स्थापनाका लागि सशस्त्र प्रहरी सीमा सुरक्षा गुल्म नेपाल ५० नम्बर हेडक्वाटर दार्चुलाबाट सुरक्षाकर्मी व्यास जाँदै । (माथि)
*-तस्वीर: नरेन्द्रसिंह कार्की*




दार्चुलाको व्यास गाउँपालिका-१ छाङ्गरूमा स्थापना गरिएको बोर्डर आउट पोष्ट (बीओपी) । बीओपी स्थापना गर्न गृहमन्त्रीका सुरक्षा सल्लाहकारसहितको टोली नेपाली सेनाको हेलिकप्टरमा त्यहाँ पुगेको थियो ।
*-तस्वीर: नेपाली सेवा*

# भीआईपीको सुरक्षाकर्मीलाई संक्रमण

## नेकपा स्थायी कमिटी बैठक स्थगित

एक स्थायी कमिटी सदस्य एवम् पूर्व गृहमन्त्रीको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीलाई कोरोनाको संक्रमण देखिए पछि सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को बुधबारको स्थायी कमिटी बैठक स्थगित गरिएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ वैशाख ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को बुधबार बोलाइएको स्थायी कमिटी बैठक स्थगित भएको छ । पार्टी मुख्यालयमा धुम्बाराहीमा बिहान ११ बजे बोलाइएको बैठक सूचना पठाएर स्थगित भएको जानकारी दिइएको थियो । मंगलबार नेकपाकै एक स्थायी कमिटी सदस्यको सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीमा संक्रमण देखिए पछि बैठक स्थगित गरिएको हो ।

पूर्व गृहमन्त्री समेत रहेका ती नेताको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीमा कोभिड-१९ को रिपोर्ट पोजिटिभ देखिएको थियो । कोरोना संक्रमणको पुष्टि भएसँगै सूचना पठाएर बैठक स्थगित भएको हो । स्थायी कमिटी सदस्यहरुको कोरोना जाँचपछि मात्र बस्ने गरी स्थगन गरिएको पार्टी कार्यालय सचिव ईश्वरी रिजालले जानकारी दिए ।

उनका अनुसार स्थायी कमिटीका ४४ सदस्य सबैको कोरोना भाइरस (कोभिड -१९)को परीक्षण गरेर मात्र बैठक बस्ने छ। अब बस्ने बैठक पार्टी एकतापछिको तेस्रो स्थायी कमिटी बाँकी पृष्ठ २ मा



बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सर्वदलीय नेता बैठकमा सहभागी नेताहरू ।

## संक्रमित बढेको बढ्यै

कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमित संख्या बढिरहेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले काभ्रेस्थित धुलिखेल अस्पतालमा परीक्षणका क्रममा बाँके नेपालगञ्ज-८ का ३६ वर्षीय पुरुषमा सङ्क्रमण भएको पाइएको बताए।

उनका अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षणका क्रममा कपिलवस्तु जिल्ला, कपिलवस्तु नगरपालिका-५ का २२ वर्षीया पुरुषमा सङ्क्रमण देखिएको हो । योसँगै सङ्क्रमितको सङ्ख्या २४३ जना पुगेको छ। मङ्गलबार मात्र नेपालमा एकै पटक ८३ जनामा सङ्क्रमण देखिएको थियो। मन्त्रालयका सहप्रवक्ता डा अधिकारीका अनुसार दुवै सङ्क्रमित व्यक्तिको स्वास्थ्य अवस्था सामान्य छ।

कोरोना महामारीबाट उपत्यकामा समेत संक्रमण देखिएको छ। भक्तपुरमा दुई जना र काठमाडौंमा एक जनामा संक्रमण देखिएको हो। सवैभन्दा बढी पर्सामा संक्रमण देखिएको छ। मंगलबार पर्सामा मात्रै ५७ जनामा संक्रमण देखिएको थियो । मंगलबार अहिलेसम्मकै उच्च संख्यामा संक्रमण देखिएको हो। मंगलबार काठमाडौं, भक्तपुर, कपिलवस्तु, पर्सा, महोत्तरी, सर्लाही गरी ८३ जनामा संक्रमण देखिएको हो । संक्रमण बढी पर्सा, बाँके, कपिलवस्तु लगायत जिल्लाहरुमा निषेधाज्ञा जारी गरिएको छ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मुख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# विदेशबाट कामदार फर्काउन कांग्रेसको पुन: आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ वैशाख

प्रमुख विपक्षी दल नेपाली कांग्रेसले वैदेशिक रोजगारी गुमाएकासहित विभिन्न कारणले विदेशमा अप्ठ्यारोमा परेका नेपालीलाई तत्काल उद्धार गर्न सरकारलाई पुन: आग्रह गरेको छ। कोरोना भाइरसको संक्रमण रोक्न लकडाउनसँगै नेपाल सरकारले नेपाल आउने अन्तर्राष्ट्रिय उडान बन्द गरेपछि वैदेशिक रोजगार, अध्ययन, पारिवारिक भेटघाट तथा अध्ययन भ्रमणमा गएका नेपालीहरु स्वदेश फर्किन पाएका छैनन् ।

केही दिनअघि संसदीय समितिमा परराष्ट्रमन्त्री प्रदीप कुमार ज्ञवालीले हालसम्म खाडीका ६ मुलुकसहित मलेसिया जस्ता श्रम गन्तव्य मुलुकहरुबाट सवा ३ लाख र भारतबाट साढे दुई लाख गरी करिब ६ लाख नेपाली स्वदेश फर्किने अवस्था रहेको जानकारी दिँदै सरकारले वास्तवमै संकटमा परेकालाई मात्र नेपाल ल्याएर व्यवस्थापन गर्ने बताएका थिए । तर सरकारले स्वदेश फर्काउने कार्ययोजना हालसम्म सार्वजनिक गरेको छैन ।

बुधबार पार्टी कार्यालय सानेपामा आयोजित पत्रकार सम्मेलनमा नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले विदेशमा अप्ठ्यारामा परेका नेपाली कामदार, विश्वविद्यालय बन्द भएर अलपत्र परी बसेका विद्यार्थी, तीर्थयात्रा बन्द भएर अलपत्र परेका नागरिक समस्यामा परेको भन्दै उनहिरुलाई नेपाल सरकारले उद्धार गर्नुपर्ने माग गरे ।

भारत लगायतका मुलुकहरुले कडा सावधानी अपनाएर विदेशमा रहेका आफ्ना नागरिकहरुलाई स्वदेश फर्काई रहेका छन् । नेपालमा रहेका विभिन्न मुलुकका ५ सय नागरिक पनि आ-आफ्नो देश फर्किसकेका छन् । प्रवक्ता शर्माल पत्रकार सम्मेलनमा भारतीय सीमामा अलपत्र रहेका नेपालीलगायत सबैलाई स्वदेश ल्याएर क्वारेन्टाइनमा राखेर व्यवस्थापन गर्न सकिने बताए ।

यसैबीच मंगलवार एक विज्ञप्ति जारी गर्दै राष्ट्रिय मानव अधिकार आयोगले नेपाल-भारत सीमा नाकामा अलपत्र अवस्थामा रहेका नेपाली नागरिकहरुको तत्काल उद्धार गरी विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम क्वारेन्टाइन तथा बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## आफुहरुको मृत्यु नकुर्न सरकारलाई आग्रह

**काठमाडौं/मस-** कुवेत सरकारले घोषण गरेको आममाफी कार्यक्रममा सहभागी भई दुई हप्ता अघिदेखि क्याम्पमा रहेका नेपालीहरुले नेपाल फर्काउन ढिला गरेर सरकारले आफुहरुको मृत्यु कुरेर बसेको भन्दै आक्रोस पोखेका छन् । विगत लामो समयदेखि अवैध रुपमा बसेका उनीहरु कुवेत सरकारले घोषणा गरेको आममाफी कार्यक्रममा समावेश भएर त्यहाँको फरवानिया ब्लक र अवानको डिटेन्सन सेल्टरमा रहेका छन् ।

उनीहरुले क्याम्पमा बसेको १७ दिन भएको, खाना, शोचालय तथा चिसोका कारण नियमित ज्वरो आइरहेको तर स्वास्थ्य परीक्षण हुन नसकेको भन्दै एक भिडियो सामाजिक सञ्जालमा जारी गरेका छन् ।

कुवेतमा ३ हजार नेपाली आममाफी पाएर सेल्टरमा रहेको अनुमान छ। दूतावासले २६ सय ट्राभल डकुमेन्ट जारी गरेको छ। बाँकी पृष्ठ २ मा

## कार्यदल गठन

**काठमाडौं/मस-** राष्ट्रिय मानव अधिकार आयोगले सदस्य सुदिप पाठकको नेतृत्वमा कोभिड-१९ को महामारी र समस्या सम्बोधन बहुसरोकारवाला १७ सदस्यीय कार्यदल गठन गरेको छ । आयोगले कोभिड-१९ को सन्दर्भमा आप्रवासन श्रमिकको हक अधिकारका बारेमा सरोकारवालाहरुसँग छलफलपछि बुधबार उक्त कार्यदल गठन गरेको हो ।

बुधबारको छलफलमा परराष्ट्र मन्त्रालयका सह सचिव हरिषचन्द्र घिमिरे, वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दहाल, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजन प्रसाद श्रेष्ठ, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव दिपक ढकाल, अन्तर्राष्ट्रिय आप्रवासन बाँकी पृष्ठ २ मा

# ‘राष्ट्रियता र लोकतन्त्र अपहरणमा पर्‍यो’

## मन्त्री र सांसदले नै कोरोना फैलाए : विडारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ बैशाख



राष्ट्रियसभाको विशेष समयमा बोल्ने सांसदहरुले सीमा समस्या समाधान र कोरोना महामारीपछि आउने अवस्थाको सामना गर्न सरकार तयार हुनुपर्ने बताएका छन् । बुधबारको राष्ट्रियसभा बैठकमा बोल्दै सांसदहरुले भारतले मिचेको नेपाली भूमि फिर्ताका लागि वार्ताको प्रकृया थाल्न सरकारलाई आग्रह गरेका हुन् ।

सांसद रमेशजंग रायमाझीले राष्ट्रियता र लोकतन्त्र अपहरणमा परेको उल्लेख गर्दै समस्या समाधानका लागि सरकार गम्भिर नभएको बताए । रोटी र बेटी सम्बन्ध भएको बताउने छिमेकी भारतले नेपालको राष्ट्रियता अपहरण गरेको उनको भनाइ छ । भारतसँगको सीमा समस्या समाधानका लागि सम्पूर्ण राजनीतिक दलहरुले साथ दिँदा पनि सरकारले वार्ताको पहल समेत गर्न नसकेको उनले बताए । रायमाझीले प्रधानमन्त्रीको कार्यशैलीले लोकतन्त्र अपहरणमा परेको बताए ।

सांसद भैरवसुन्दर श्रेष्ठले सुगौली सन्धी विपरित भारतले नेपालको सीमाना अतिक्रमण गरिरहेको बताए । परराष्ट्रमन्त्री र प्रधानमन्त्रीस्तरमा समस्या समाधानका लागि वार्ता गर्न पनि उनले सरकारलाई सुझाव दिए । प्रधानमन्त्रीस्तरको वार्ताबाट पनि समस्या समाधन नभए अन्तर्राष्ट्रिय अदालत जानुपर्ने उनको भनाइ छ । नेपाल भारत प्रवुद्ध समूहले बनाएको प्रतिवेदन सदनमा पेश गर्न माग गर्दै उनले एक आर्थिक वर्षको बजेट सीमानामा पर्खाल लगाउनका लागि छुट्याउन पनि आग्रह गरे ।

सांसद माया प्रसाद शर्माले कोरोना भाइरस र छिमेकी देशको भाइरसले नेपालमाथि आक्रमण गरिरहेको बताइन् । विश्व कोरोनासँग लडिरहेका बेला भारतले कोरोनाको रुपमा नेपालमाथि आक्रमण गरिरहेको उनले बताइन् । कोरोना नियन्त्रणका लागि देशभरी औषधि, दक्ष जनशक्ति लगायत अन्य स्वास्थ्य उपकरणको व्यवस्थागर्न तर्फ सरकारको ध्यानाकर्षण गराइन् ।

सांसद शेखर कुमार सिंहले नेपाल भारत सीमा समस्या वार्ताको माध्यमबाट समाधान गर्न आग्रह गरे । भारतबाट नेपाल भित्रका नागरिकमा कोरोना संक्रमण देखिएको उल्लेख गर्दै उनले सरकारले यसको व्यवस्थापनका लागि ध्यान दिनुपर्ने बताए ।

सांसद खिमलाल भट्टराईले कोरोना संक्रमणबाट देशलाई जोगाउन भएका सरकारी प्रयासहरु सार्थक भएको उल्लेख गरे । विभिन्न अस्पतालमा आइसोलेसन वार्ड आइसियुको व्यवस्था हुनु, रहेक पालिकामा क्वारेन्टाइन निर्माण गरिनु, देशव्यापी लक डाउन गरी राहतको व्यवस्थापन गर्नु सरकारका सकारात्मक प्रयास भएको उनले बताए । सरकारले गरेका राम्रा कामहरुलाई पनि गरे भनेर जनतामा भ्रम छर्ने काम भएको उनले बताए ।

‘राज्यका सम्बन्धित निकायहरुले छानविन गरिरहेका वाइडबडी वा स्वास्थ्य सामग्री खरिद जस्ता विषयहरु उछालेर सरकारको भ्रष्टाचार विरुद्धको संकल्प र महाअभियानमाथि भ्रम छर्ने प्रयास भएको छ’, उनले भने । भारत लगायत विभिन्न मुलुकबाट नागरिकहरु स्वदेश फर्केपछि बेरोजगारी समस्या उत्पन्न हुने उल्लेख गर्दै उनले यसको व्यवस्थापन तर्फ सरकारको ध्याना जानुपर्ने उनले बताए । खुला नाकाबाट लुकेर नेपाल प्रवेश गरिरहेको अवस्थाले भोलि भयावह स्थिति आउने भन्दै सीमा क्षेत्रमा अलपत्र नागरिकरुको उचित व्यवस्थापन गर्न उनले आग्रह गरे ।

**‘मन्त्री, सांसद र नेताले कोरोना सारे’**

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का सांसद रामनारायण विडारीले मन्त्री, सांसद र नेताले कोरोना सारेको आरोप लगाएका छन् । सांसद विडारीले राहत बाँड्ने नाममा गाउँ गाउँमा मान्छे जम्मा गरेर मन्त्री, सांसद र नेताहरुले कोरोना संक्रमण फैलाएको आरोप लगाएका हुन् ।

राहतका कार्यक्रम स्थानीय तहबाट व्यवस्थित रुपमा वितरण हुनुपर्ने भएपनि कसैले नपाएजस्तो गरी नेताहरु गएर कोरोना संक्रमण फैलाएको अरोप उनले लगाए । राष्ट्रियसभा बैठकको विशेष समयमा बोल्दै विडारीले भने, ‘नेता हुँ भनेर राहत बाँड्न ट्र्याक सुट टाई लाएर गाउँगाउँमा गएर मान्छे जम्मा पारेर कोरोना संक्रमण फैलाउने काम सांसदले गरे, नेताले गरे, मन्त्रीले गरे । मन्त्री, सांसद र नेताहरुले कसैले नपाएको जस्तो गरी राहत बाँडे अरे । राहत भूकम्पको बेलामा बाँडने हो । राहत बाढी पिडित भएको बेलामा बाँडने हो । अहिलेको राहत लोकल सरकारले बाँडने अरुले बाँडने होइन् । लोकल सरकारको पनि वडा अध्यक्षले बाँडने हो । वडा अध्यक्षले पनि होइन वडा सदस्यले बाँडने हो ।’

राहत वितरणको आधार के हुने ? कुन व्यक्तिलाई राहत दिने ? भन्ने कुरा कानून बनाएर लागू गर्ने भएपनि त्यसो हुन नसकेको उनले बताए । अहिलेको अवस्थामा स्थानीय तहमा उत्पादन भएका तरकारी, दुध र अण्डा सरकारले किनेर जनताको घरमा पुर्‍याउनुको सट्टा गफ गरेर नहुने उनले बताए । त्यसका लागि कानून निर्माण आवश्यक रहेको उनले बताए ।

# कोषको रकम सरकारले खर्च गर्न सकेन : कांग्रेस



**काठमाडौं/मस–** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारी कोषमा थन्किएर बसेको अर्बौं रकम स्थानीय तहलाई दिएर कोरोना नियन्त्रणका लागि खर्च गर्न आग्रह गरेको छ । सरकारको विपद व्यवस्थापन कोषमा अर्बौं रकम जम्मा भएपनि कोरोना नियन्त्रणका लागि सरकारले खर्च गर्न नसकेको कांग्रेसले जनाएको छ ।

कोषमा करिब ३ अर्ब रकम जम्मा भएपनि सरकारले कोरोना नियन्त्रणका लागि खर्च गर्न नसकेको कांग्रेसले प्रवक्ता विश्वप्रकाश शर्माले बताए । सरकारले रकम नदिँदा स्थानीय तहहरु सिमित स्रोत साधनकाबीच कोरोनासँग लडिरहेको उनले बताए । उनले भने, ‘सरकारको विपद व्यवस्थापन कोषमा पहिले पनि डेढ अर्ब थियो । अहिले कोषमा करिब ३ अर्ब रुपैयाँ जम्मा भएको छ । त्यो रकम कोरोना नियन्त्रणका लागि सिंहदरबारमा बस्ने सरकारले नभएर राहत बोकेर घरमै जाने स्थानीय सरकारको वडा अध्यक्षहरुले खर्च गर्ने हो । केन्द्रको सरकारको ढुकुटीमा जम्मा भएको रकम स्थानीय सरकारलाई राहतको लागि दिनुपर्ने भएपनि अहिलेसम्म स्थानीय तहमा त्यो रकम पुग्न सकेको छैन ।’

कांग्रेसले पहिलो पंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीहरुको समेत कोरोना परीक्षण गर्न माग गरेको छ । मंगलबार पहिलो पंक्तिमा रहेर काम गर्ने क्षेत्रका व्यक्तिहरुमा समेत संक्रमण देखिएको तर्फ संकेत गर्दै शर्माले व्यवस्थित रुपमा उनीहरुको परीक्षण गर्न आग्रह गरे । कोरोना परीक्षण दायरा बढाउन आग्रह गर्दै शर्माले सांसद विकास कोषको रकम पनि यसका लागि खर्च गर्न आग्रह गरे । एक नागरिकको जीवनभन्दा ठूलो सरकारी ढुकुटीमा जम्मा भएको पैसा नहुने भएकाले परीक्षणतर्फ ध्यान केन्द्रित गर्न उनले सरकारलाई आग्रह गरे ।

अहिले श्रम, विद्यार्थी र वेरोजगारहरु जस्तै विभिन्न पेशा व्यवसायका व्यक्तिहरु पनि समस्यामा रहेकाले सबैलाई समेट्ने गरी राहतका कार्यक्रम ल्याउन पनि उनले आग्रह गरे । विभिन्न देशमा अलपत्र परेका नागरिकको उद्धारका लागि गम्भिरता देखाउन पनि उनले सरकारलाई आग्रह गरे । रोजगारी गुमाएर आएका हजारौं नेपाली सिमानामा रोकिएर बसेको र केही नागरिकहरु लुकिछिपी नेपाल प्रवेश गरिरहेको तर्फ पनि कांग्रेसले सरकारको ध्यानाकर्षण गराएको छ । लुकिछिपी नेपाल प्रवेश गरिरहेका नागरिकहरुबाट संक्रमण फैलिएको उल्लेख गर्दै शर्माले सीमा क्षेत्रमा रहेका नागरिक र अन्य मुलुकमा अफठ्यारोमा परेका नागरिकलाई व्यवस्थित रुपमा स्वदेश ल्याएर क्वारेन्टाइनमा राख्न पनि आग्रह गरे ।

सरकारले कोरोना परीक्षणका लागि केन्द्र विस्तार र स्वास्थ्य सामग्री खरिदजस्ता राम्रो काम गरेपनि ढिलासुस्ती, अपारदर्शीता भएको उनले बताए । सरकारले व्यवस्थित र विश्वसंगठनको मापदण्ड अनुसारको क्वारेन्टाइनमा निर्माण गर्न नसकेको, कोरोनासँग जुध्नुपर्ने बेलामा प्रधानमन्त्री सत्ताको खेलमा लागेको शर्माले बताए । शर्माले अहिलेको सरकारले नैतिक र राजनीतिक रुपमा शासन गर्ने अधिकार गुमाएको ठहर कांग्रेसले गरेको बताए ।

नेपाली भूमि कालापानी क्षेत्रबाट भारतीय सेनालाई फर्काउने विषयमा पनि कांग्रेसले सरकारको ध्यानाकर्षण गराएको छ । नेपालको अभिछिन्न अधिकार रहेको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रका विवाद समाधानका लागि सरकारले भारत र चीनसँग नेपाल सरकारले संबाद गर्नुपर्ने बताए । कुनीतिक र राजनीतिक प्रक्रियाबाट यसको पहल गर्नुपर्नेमा सरकार औपचारिक वक्तव्यमा राष्ट्रवादलाई प्रस्तुत गर्नमा मात्रै सिमित भएको बताए ।

कांग्रेसले लकडाउनको अघिल्लो दिन स्थगित भएको एसईई परीक्षाको विषयमा अहिलेसम्म सरकारले केही नभन्दा विद्यार्थीहरु आफ्नो भविष्यप्रति चिन्तित भएको उनले बताए ।

# सेनालाई अत्यावश्यक स्वास्थ्य सामग्री



**काठमाडौं/मस–** चिनियाँ जनमुक्ति सेनाको एयरफोर्स विमानले नेपाली सेनाका लागि अत्यावश्यक स्वास्थ्य सामग्री ल्याएको छ । चीनको छेन्दुबाट आएको चिनियाँ सेनाको विमानले ४.५ टन स्वास्थ्य सामग्री ल्याएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ । ती स्वास्थ्य सामग्रीमा सर्जिकल मास्क, पीपीई, पञ्जा, बुट, थर्मलथनलगायत रहेका छन् ।

विमानस्थलका महाप्रवन्धक देवेन्द्र केसीले चिनियाँ सेनाको जहाजले नेपाली सेनाका लागि स्वास्थ्य सामग्री ल्याएर फर्किएको जानकारी दिए । चीन सरकारले यसअघि पनि नेपाली सेनालाई स्वास्थ्य सामग्री सहयोग गरेको थियो ।

अहिले चीनको बेइजिङ, ग्वान्जाओ, चाङ्सालगायत गन्तव्यबाट नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र नेपालको निजी क्षेत्र र चीनको संयुक्त लगानीको हिमालय एयरलाइन्सले अत्यावश्यक स्वास्थ्य सामग्री ल्याइरहेका छन् ।

# सुन्द्रावतीमा टिपर दुर्घटना हुँदा चालकको मृत्यु



**राजन बस्नेत/मध्यान्ह**
दोलखा, ३१ बैशाख


दोलखाको कालिन्चोक गाउँपालिका-९ मा टिपर दुर्घटना हुँदा एक चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा भिमेश्वर नगरपालिका वडा नं १, सुस्पाक्षमावतीका २९ वर्षिय अशोक कुमार थामी रहेका छन् ।

दुर्घटनामा गम्भीर घाइते भएका उनलाई थप उपचारका लागि काठमाडौं लैजाँदै गर्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी निरीक्षक रेशम वोहराले जानकारी दिए । सदरमुकाम चरिकोटस्थित चरिकोट अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि काभ्रे स्थित धुलिखेल अस्पताल पुर्‍याइएको थियो ।

तर अस्पताल पुर्‍याएलगत्तै चिकित्सकहरुले घाइतेको मृत्यु भइसकेको जानकारी दिएका थिए । सिंगटीबाट चरिकोट तर्फ आउँदै गरेको बा ४ ख ४७४४ नम्बरको टिपर कालिन्चोक गाउँपालिका वडा नं ९ स्थित सुन्द्रावती खोलामा मंगलबार राति ११ बजे दुर्घटना भएको हो ।

टिपर अनियन्त्रित भई सडकबाट एक सय मिटर तल खसेको प्रहरीले जनाएको छ । टिपर दोलखा उद्योग वाणिज्य संघका महासचिव हेमराज रिमालको रहेको बताइएको छ ।

# ‘रमाइलो पढाइ’ मोबाइल एप सञ्चालनमा



**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शिक्षा तथा मानवस्रोत विकास केन्द्रले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमअन्तर्गत कक्षा १ देखि ३ सम्मका बालबालिकाको पढाइमा थप सहयोग पुर्‍याउन ‘रमाइलो मोबाइल एप’ सञ्चालनमा ल्याएको छ ।

गुगल प्ले स्टोरमा उपलब्ध सो सामग्रीबारे केन्द्रले ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइलाई जानकारी गराई प्रयोगमा ल्याउन आग्रह गरेको छ । अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को आर्थिक सहयोग र केन्द्रको संयोजकत्वमा बनाइएको सो सामग्री शिक्षक र अभिभावकले सजिलै प्रयोग गर्न सक्नेछन् ।

एन्ड्रोइड मोबाइल एपमा पाठ्यक्रम विकास केन्द्रद्वारा विकास र प्रकाशन गरिएको ५६ वटा रोचक कथा र कवितालाई नेपाली भाषामा रेकर्ड गरी तिनका चित्र पुस्तक पनि समावेश गरिएका छन् । यसमा नेपाली भाषालगायत १० स्थानीय भाषामा रेकर्ड गरिएका विभिन्न चेतनामूलक रेडियो सन्देश तथा रेडियो कार्यक्रम पनि समाविष्ट छन् । रेडियो कार्यक्रमअन्तर्गत प्रारम्भिक कक्षाका शिक्षकलाई कक्षाकोठामा सहयोगी हुने शिक्षण उपायसहितका सामग्री, रेडियो नाटक र विशेष अतिथिसँगको रमाइला कथाहरू समेटिएका छन् ।

केन्द्रका निर्देशक माधवप्रसाद दाहालका अनुसार सो एपबारे स्थानीय तहका शिक्षा शाखा तथा जिल्लाभरिका सामुदायिक विद्यालयलाई जानकारी गराई प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रारम्भिक कक्षा पढाइ उपसमितिका सदस्यमार्फत दौंतरी शिक्षक र अभिभावकलाई प्रयोग विधिसहित जानकारी दिइएको छ ।

## भीआईपीको ...

बैठक हुने छ । “केही सांसद रहेका स्थायी कमिटी सदस्यको कोभिड -१९ परीक्षण गरिएको थियो” उनले भने, “तर केहीको बाँकी रहेकाले परीक्षण गरेर मात्र बैठक बस्ने भएको छ ।” बुधबार बस्ने भनिएको बैठकमा सरकारको नीति तथा कार्यक्रम, कोभिड -१९ र भारतद्वारा अतिक्रमित नेपाली भूमिका बारेमा छलफल गर्ने कार्यसूची थियो ।

गएको वैशाख २५ गते नै बस्ने तय भएको स्थायी कमिटी बैठक अनिश्चित बनेको थियो । अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली, कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल, बरिष्ठ नेताहरु झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम लगायत शीर्ष नेताहरुबीच नै सहमति जुट्न नसकेपछि स्थायी कमिटी बैठक स्थगित भएको थियो ।

तर, मंगलबार प्रधानमन्त्री ओली र अध्यक्ष प्रचण्ड बीच छलफल भएपछि स्थायी कमिटी बैठक बोलाइएको थियो । प्रधानमन्त्री ओली इतरका समूह आफ्नो पूर्व अडानबाट पछि हट्ने संकेत गरेपछि नेकपाको स्थायी कमिटी बैठक बोलाइएको थियो । प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट ओलीलाई हटाउने तयारी भएको बुझाइका आधारमा उनी निकट नेताहरु स्थायी कमिटी तत्काल राख्न आवश्यक नरहेको अडान लिदै आएका छन् ।

## विदेशबाट...

आइसोलेशनमा राख्न सरकारको ध्यानाकर्षण गराएको थियो ।

नेपालको संविधानको धारा ५२ मा राज्यको दायित्व शिर्षक अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ भन्ने व्यवस्था रहेको छ ।

आयोगले संविधानको यो व्यवस्था अनुसार हाल सिमाना वा विदेशमा अलपत्र परेका नेपाली नागरिकको आवश्यक स्वास्थ्य परीक्षण गराई स्वदेश फर्काई संविधानको धारा ५२ बमोजिम आफ्ना नागरिकको मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गरी राज्यको दायित्व वहन गर्न आग्रह गरेको छ ।

## आफुहरुको ....

तर नेपाल सरकारले पहल नगर्दा उनीहरु घर फर्किन पाएका छैनन् । एउटा साँगुरो कोठामा १६ जना महिला राखिएको, तल तिरबाट जमिनको चिसो र माथि एयर कण्डीसन (एसी) को चिसोले राम्रोसँग सुत्न नपाएको भन्दै स्वस्थ खाना र पानी नपाएको उनीहरुले बताएका छन् ।

उनीहरुले राति १ बजे एक पटक र अर्को दिन साँझ ६ बजे अर्को पटकगरी दुई चोटी खाना आउने र खाना अन्त्यन्तै थोरै हुने गरेको कारण समस्या भएको बताएका छन् । स्यानिटाइजर समेत नभएको र एउटा ट्वाईलेट धेरै जनाले प्रयोग गरिरहेका कारण आफुहरु संक्रमित भएको हुनसक्ने उनीहरुको भनाइ छ ।

सेल्टरमा आममाफीमा समावेश भएका नेपालीसहित भारतीय, घाना, ईजिप्सियन र पाकिस्तानी नागरिक हरेका छन् । त्यसमध्ये ईजिस्पिसयन र भारतीय नागरिकहरुलाई स्वदेश फर्काइएको भन्दै नेपाल सरकारले आफुहरुलाई स्वदेश फर्काउने पहल समेत नगर्दा मन आत्तिएको उनीहरुको भनाइ छ । सेल्टरमा रहेकी एक महिलाले भनिन्, ‘उद्धार गर्न गरिएको ढिलाईले सरकारले हाम्रो मृत्यु कुरेर बसेको त होइन ? भन्ने प्रश्न उठेको छ ।’

## कार्यदल....

संगठनका प्रज्वल शर्मा, अन्तर्राष्ट्रिय श्रम संगठनका बसन्त कार्की, सन्ध्या सिटौला, नेहा चौधरी, पिपुल फोरमका सोम लुईंटेल, सुरक्षित आप्रवासी राष्ट्रिय सञ्जालका कृष्ण न्यौपाने, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरे, महासचिव सुजित कुमार श्रेष्ठ, प्रवासी नेपाली समन्वय समितिका कुल प्रसाद कार्की, सोसल साइन्स वहाका जीवन बानिया, पौरखी नेपालकी मञ्जु गुरुङ, आमकास नेपालकी विजया राई श्रेष्ठ लगायत सहभागी रहेका थिए ।

आयोगले परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, वैदेशिक रोजगार बोर्ड र वैदेशिक रोजगार विभागबाट विभिन्न गन्तव्य मुलुकहरुबाट तत्कालै नेपाल ल्याउनुपर्ने विषयमा तयारी तथा गृहकार्यहरु भइरहेको र त्यस विषयमा बुधबार सरोकारवालाहरुबीच बैठक भएको भन्दै संयुक्त राष्ट्रसंघीय निकायहरु, गैर सरकारी संस्थाहरु, वैदेशिक रोजगार व्यवसायी संघ लगायतका संस्थाहरुले सूचना संकलन लगायत गन्तव्य मुलुकमा रहेका आप्रवासी नेपाली श्रमिकहरुको समस्या सामाधानको लागि पहल गरिरहेको समेत जानकारी दिएको छ ।

बैठकमा सरोकारवालाहरुले वैदेशिक रोजगारीमा रहेका कामदार हरुका सम्बन्धमा गरेको कामहरुलाई एकीकृत सूचना प्रणालीको लागि आयोगमा नियमित पठाउने, आप्रवासी नेपाली श्रमिकहरुको हालको अवस्थाको बारेमा द्रुत अध्ययन गरी प्रतिवेदन तयार गर्ने, हालको विषम अवस्थामा आप्रवासी नेपाली श्रमिकहरुको सुरक्षा, स्वदेश फिर्तीजस्ता प्राथमिकताका विषयहरु निर्धारण गर्नको लागि नेपाल सरकारलाई सहयोग गर्ने निर्णय गरेको सदस्य पाठकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।


**रामेछाप नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०७७/०२/०१)**

यस कार्यालयबाट मिति २०७६/१२/०४ गते हिमालय राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निम्न ठेक्काका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकोले सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | बोलपत्रको नम्बर र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक प्रोभिजनल सम सहित (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | Contract ID No Rm 17-076/077 Upgrading Of Hillepani bhalukhop Road (0+745-2+090) | न्यू सतर्की नमुना जे.भि खिम्ती, रामेछाप | रु. १,५१,८३,०८०।५९ |

**प्रमुख प्रशासकीय अधिकृत**

# स्पेनमा ११३ वर्षीया वृद्धाले जितिन् कोरोनालाई



**म्याड्रिड, एजेन्सी**-स्पेनकै सबैभन्दा वृद्ध ठानिएकी एक ११३ वर्षीया वृद्धा कोरोनाभाइरसमुक्त भएकी छिन् । अवकाश जीवन बिताउने केएर होममा बस्दै आएका अरु धेरै जना वृद्धवृद्धाको मृत्यु भए पनि ११३ वर्षीया वृद्धाले कोरोनाभाइरसलाई परास्त गर्न सफल भएकी हुन् ।

अमेरिकामा जन्मिएकी मारिया ब्रानयासलाई गत अप्रिलमा कोरोना संक्रमण भएको थियो । उनी पछिल्लो २० वर्षदेखि स्पेनको पूर्वी शहर ओलोटको सान्टा मारिया डेल टुरा केएर होममा बस्दै आएकी छिन् । उनमा श्वासप्रश्वासको समस्या देखिएको थियो ।

केएर होमकी प्रवक्ताले मारिया बाँच्न सफल हुनुभएको र अहिले स्वास्थ्य अवस्था निकै राम्रो रहेको बताए । उनले भने, “मारियाको गत साता स्वास्थ्य परीक्षण गरिएको थियो र उहाँको नतिजा नेगेटिभ देखिएको थियो ।”

तीन बालबच्चाकी आमा ब्रानयासलाई केही साता उनकै कोठामा आइसोलेसन (एकान्तबास) मा राखिएको थियो । उनको हेरचाहका लागि एक जना कर्मचारीलाई व्यक्तिगत सुरक्षा सामग्री लगाएर खटाइएको थियो । क्याटालान टेलिभिजन टिभी ३ ले शताब्दी वृद्धाको समाचार कथा प्रशारण गरेको छ । टेलिभिजन फुटेजमा मारियाले आफूलाई केएर होमका कर्मचारीले निकै माया गरेको बताएकी छिन् ।

एक जना कर्मचारीले यति दिर्घ जीवनको रहस्य के होला भनेर सोधेको प्रश्नको जवाफमा मारियाले भनिन्, “म स्वस्थ रहन पाएकामा आफूलाई निकै भाग्यमानी सम्झन्छु ।” यस केएर होममा कोरोनासँग सम्बन्धित स्वास्थ्य जटिलताका कारण धेरै जनाको ज्यान गएको केएर होमकी प्रवक्ताले बताए । मारियाका बारेमा हालैका वर्षहरूमा स्पेनी मिडियामा धेरै लेखरचना प्रकाशन भइसकेका छन् । उनी स्पेनमै सबैभन्दा बढी उमेरकी व्यक्तिका रूपमा सम्मानित छिन् ।

मारियाको जन्म अमेरिकाको सान फान्सिस्कोमा मार्च ४, १९०७ मा भएको थियो । उनका स्पेनी बुबा अमेरिकामा पत्रकारिता गर्थे । मारिया आफ्ना परिवारका साथ पहिलो विश्वयुद्धताका डुंगा चढेर स्पेन फर्किएकी थिइन् । उनी सन् १९१८-१९ को स्पेनी फ्लु र सन् १९३६-३९ को स्पेनी गृहयुद्धमा पनि बाँच्न सफल भएकी थिइन् ।

स्पेनी स्वास्थ्य मन्त्रालयका अनुसार हालको कोरोनाभाइरसको महामारीबाट स्पेनमा २७ हजारभन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ । युरोप र अन्य क्षेत्रका मुलुकझैं स्पेनमा पनि ज्येष्ठ नागरिकहरू कोरोनाभाइरसबाट सर्वाधिक प्रभावित भएका छन् ।

# बाबर आजम बने पाकिस्तानको कप्तान



**इस्लामावाद, एजेन्सी**- बाबर आजम पाकिस्तान राष्ट्रिय क्रिकेट टिमको एकदिवसीय र टी-२० त्रिकेटको कप्तान बनेका छन् । पछिल्लो पटक राम्रो प्रदर्शन गर्दै आएको आजमलाई पाकिस्तान क्रिकेट बोर्डले दुई विधाको कप्तान चयन गरेको हो ।

यसअघिका कप्तान सरफराज अहमदलाई हटाइएपछि आजमलाई एकदिवसियको नेतृत्व दिएको हो । यतिमात्र होइन सरफराज बोर्डको केन्द्रिय सम्झौताको सूचीबाट पनि हटाइएका छन् । टेष्ट क्रिकेटमा भने अजहर अलीले नै कप्तानी गर्ने भएका छन् । कोरोनापछि सुचारु हुने क्रिकेट प्रतियोगिताहरुमा आजमले पाकिस्तानको कप्तानी गर्ने भएका छन् । आजम पाकिस्तानका लागि एकदिवसीय र टी २० मा उत्कृष्ट प्रदर्शन गर्दै आएका छन् । तर अब उनको जिम्मेवारी डबल हुने भएको छ ।

मुख्य प्रशिक्षक मिस्वा उल हकले पाकिस्तान क्रिकेटलाई बलियो बनाउन युवा खेलाडीलाई मौका दिने हिसावले नयाँ कप्तान बनाएको बताएका छन् । कोरोनाका कारण क्रिकेट कहिले सुचारु हुने भन्ने एकिन नभए पनि पाकिस्तानले आगामी दिनमा राम्रो प्रदर्शन गर्ने विश्वास गरेको छ ।

# भारतमा कोरोनाबाट ७४ हजार बढी संक्रमित



**नयाँदिल्ली, एजेन्सी**-भारतमा बुधबार बिहानसम्ममा कोरोनाभाइरसबाट संक्रमित व्यक्तिको संख्या ७४ हजार २८१ पुगेको छ । भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा भारतभर तीन हजार ५२५ जना नयाँ संक्रमित भेटिएका छन् ।

कूल संक्रमितमध्ये २४ हजार ३८५ जना निको भएर घर फर्किएका वा डिस्चार्ज भएका छन् भने ४७ हजार ४८० जनाको उपचार भइरहेको छ ।

कोविड-१९ बाट विगत २४ घण्टामा १२२ जनाको मृत्यु भएको छ । योसँगै भारतमा कोरोनाभाइरसबाट मृत्यु हुनेको कूल संख्या दुई हजार ४१५ पुगेको छ ।

मन्त्रालयका अनुसार महाराष्ट्र, गुजरात, तामिलनाडु र नयाँ दिल्ली राज्य सबैभन्दा बढी प्रभावित भएका छन् । पछिल्लो विवरण अनुसार महाराष्ट्रमा २४ हजार ४२७ जना, गुजरातमा ८ हजार ९०३ जना, नयाँदिल्लीमा ७ हजार ६३९ जना संक्रमित छन् ।

कूल मृत्यु भएका व्यक्तिमध्ये महाराष्ट्रमा ९२१ जना, गुजरातमा ५३७ जना र तामिलनाडुमा ६१ जनाको मृत्यु भएको छ ।

यसैगरी भारतका उत्तर प्रदेश, बिहार, पश्चिम बंगाल, अरुणाचल, गोवा, मणिपुर, मिजोरम समेतका धेरै राज्यमा कोरोनाको संक्रमण देखिएको छ । कोरोना संक्रमण रोकथामका लागि भारत सरकारले एक महिनाभन्दा बढी समयदेखि देशव्यापी लकडाउन जारी राखेको छ ।

तर पछिल्लो समय भारतीय श्रमिक, मजदूर, विद्यार्थी समेतका लागि विशेष श्रमिक रेलसेवा सञ्चालनमा ल्याएको छ ।

# कतारमा २५ हजारमा कोरोनाभाइरसको संक्रमण

**दोहा, एजेन्सी**-नेपाली र भारतीय कामदारहरूको निकै ठूलो संख्या रहेको कतारमा कोरोनाभाइरसबाट संक्रमितको संख्या २५ हजार १४९ पुगेको कतारको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले मंगलबार मात्र एक हजार ५२६ जना नयाँ संक्रमित भेटिएको बताएको छ । कूल संक्रमितमध्ये हाल २२ हजार ११६ जना उपचारका क्रममा रहेका छन् । कतार समाचार एजेन्सीका अनुसार कतारमा तीन हजार १९ जना निको भएर डिस्चार्ज भएका छन् भने १४ जनाको मृत्यु भएको छ ।

नयाँ संक्रमित व्यक्तिमध्ये अधिकांश विदेशी कामदार रहेको पनि स्वास्थ्य मन्त्रालयले जनाएको छ । कोरोना पुष्टि भएकाहरू सबैलाई क्वारेन्टिनमा राखिएको छ । कतारमा एक लाख ३४ हजार २९४ जनाको परीक्षण गरिएको पनि मन्त्रालयले स्पष्ट गरेको छ ।

# कोरोनाका कारण सुमो रेस्लरको निधन



**टोकियो, एजेन्सी**-कोरोना भाइरसको संक्रमणका कारण जापानका युवा सुमो रेस्लरको मृत्यु भएको छ । भाइरसको संक्रमणपछि २८ वर्षे रेस्लर कियोताका सुताकेको शरिरका धेरै अंगहरु निष्क्रिय भएका थिए । शोबुसी उपनामले चिनिने सुताकेलाई एक महिनाअघि कोरोना भाइरसको संक्रमण पुष्टि भएको थियो । स्वास्थ्य अवस्था गम्भीर भएपछि नौ दिनअघि उनलाई आईसीयूमा लगिएको जापान सुमो महासंघले जनाएको छ । वुधबार विहान उनको निधन भएको बताइएको छ । त्यहाँ प्रशिक्षक र अरु पाँच सुमो रेस्लरमा पनि कोरोना भाइरस देखिएको छ ।

रेस्लरलाई कोरोना भाइरस लागेपछि सबै सुमो रेस्लरको परीक्षण गरिएको छ ।

# न्यूजील्यान्डमा लगातार दोस्रो दिन कोरोना संक्रमित देखिएन



**काठमाडौं, एजेन्सी**-न्यूजील्याण्डमा बुधबार लगातार दुई दिनदेखि नयाँ कोरोनाभाइरस संक्रमित व्यक्ति नभेटिएको स्वास्थ्य अधिकारीहरूले बताएका छन् । स्वास्थ्य सेवा विभागका महानिर्देशक आश्ले ब्लूमफिल्डले बुधबार मध्यरातदेखि लागू हुनेगरी लकडाउनलाई व्यापक रूपमा खुकुलो बनाउन पछिल्लो स्वास्थ्य विवरणले निकै हौसला दिएको बताए ।

न्यूजील्यान्डमा अधिकांश व्यवसाय, मलहरू, खुद्रा पसलहरू तथा रेस्टुराँहरू बुधबार मध्यरातदेखि खुला हुँदैछन् । तर सामाजिक दूरीका नियमहरू भने लागू हुनेछन् भने १० जनाभन्दा बढी व्यक्ति एकै ठाउँमा भेला हुन प्रतिबन्धहरू लगाइनेछ ।

सरकारले बिहीबार वार्षिक बजेट पनि सार्वजनिक गर्दैछ । प्रधानमन्त्री जेसिन्डा आर्डनले कोरोनाभाइरसका कारण मुलुकले सर्वाधिक ठूलो आर्थिक चुनौतीको सामना गर्नु परेको बताए ।

यसैबीच, दक्षिण कोरियाले कोरोनाभाइरसबाट नयाँ संक्रमित भेटिएको जनाउँदै सामाजिक दूरी सम्बन्धी हालको व्यवस्थालाई तत्काल खुकुलो पार्ने कुनै योजना नरहेको जनाएको छ । उपस्वास्थ्य मन्त्री किम गाङ-लिपले सियोलमा पत्रकारहरूसँग कुरा गर्दै पछिल्लो पटक देखिएको कोरोना संक्रमणको विस्तृत अध्ययन गरेपछि मात्र उपयुक्त निर्णय लिइने स्पष्ट गर्नुभयो ।

कोरियामा प्रतिदिन ३० जनामा कोरोना देखिए पनि पछिल्ला दिनहरूमा यो १० जनाभन्दा कममा आइपुगेको थियो । यहीकारण विद्यालयहरू पुनः खोल्न ढिलाई गरिएको छ भने राजधानी सियोल वरपरका रात्रिक्लबहरू अस्थायी रूपमा बन्द गरिएका छन् ।


कोरियाली संक्रामक रोग नियन्त्रण तथा रोकथाम केन्द्रका अनुसार बुधबार दक्षिण कोरियामा २६ जनामा कोरोना संक्रमण देखिएको छ । कोरियामा कोरोनाभाइरसबाट संक्रमितको कूल संख्या १० हजार ९६२ पुगेको छ भने २५९ जनाको मृत्यु भएको छ ।

उता चीनमा बुधबार सात जनामा कोरोना संक्रमण देखिएको छ । यीमध्ये उत्तरपूर्वी जिलिन प्रान्तका छ जना रहेका छन् । नयाँ संक्रमित देखिएसँगै जिलिनका अधिकारीहरूले कोरोना देखिएको क्षेत्रसँग अरु भाग जोड्ने रेलसेवा बन्द गरिएको जनाएका छन् ।

चीनमा पछिल्लो विवरणसँगै कूल संक्रमितको संख्या ८२ हजार ९२६ पुगेको र ४ हजार ६३३ जनाको ज्यान गएको छ । तर अधिकाँश संक्रमित व्यक्ति निको भएर घर फर्किसकेका छन् ।

मंगलबार चिनियाँ संचार माध्यमहरूले सर्वप्रथम कोरोनाभाइरस देखिएको उहानका सबै बासिन्दाको स्वास्थ्य परीक्षण गर्ने योजना बनाएको बताएका छन् । मध्य चीनको औद्योगिक शहर उहानमा करिब १ करोड १० लाख मानिसको बसोबास छ ।

# फिफाको अवार्ड रद्द



**काठमाडौं, एजेन्सी**-विश्व फुटबल महासंघ फिफाले यो बर्षको उत्कृष्ट अवार्ड रद्द गरेको छ ।सेप्टेम्बरमा इटलीको मिलानमा कार्यक्रम गरेर बर्षको उत्कृष्ट खेलाडीलाई अवार्ड दिने कार्यक्रम तय गरेको थियो । तर, कोरोनाको संक्रमणका कारण अवार्ड कार्यक्रम स्थगित गरिएको हो । जसका कारण यो बर्षको फिफा उत्कृष्ट खेलाडी को भयो भन्ने सूचीमा खाली हुने भएको छ । यसपटक पनि उत्कृष्ट खेलाडीको प्रतिस्पर्धामा लियोनल मेस्सी र रोनाल्डो नै प्रतिस्पर्धामा उत्रने संभावना रहेको थियो ।

कोरोनाका कारण फिफाले यसअघि यू-२० र यू-१७ महिला विश्वकप स्थगित गरेको छ । यस्तै २०२१ हुने फुटसल विश्वकप पनि स्थगित गरिसकेको छ । अहिलेसम्म फिफाले स्थगित नगरेको प्रतियोगिता क्लव विश्वकप रहेको छ । जुन आबुधावीमा डिसेम्बरमा हुनेछ ।

फिफाले कोरोनाका कारण सबै प्रतियोगिता एकपछि अर्को गरि स्थगित भएको अवस्थामा उत्कृष्ट खेलाडीको अवार्ड आयोजना गर्नु उचित नभएको बताएको छ ।

यसका साथै बर्षको उत्कृष्ट खेलाडीले पाउने युरोपियन गोल्डेन बुटपनि रद्द हुने आशंका गरिएको छ ।

युरोपियन फुटबल भाइरसले प्रभावित भएपछि यो पनि रद्द हुने संभावना रहेको बताइएको छ । यता बलुन डी योर अवार्ड के गर्ने भन्ने विषयमा पनि निर्णय भइसकेको छैन ।

# पुटिनका प्रवक्ता पेस्कोवलाई कोरोना संक्रमण

**मस्को, एजेन्सी**- रुसका राष्ट्रपति भ्लादिमिर पुटिनका प्रवक्ता दिमित्री पेस्कोव र उनकी पत्नी कोरोना संक्रमित पुष्टी भएको छ ।

यी दम्पतीमा कोरोना संक्रमण पुष्टी भए पछी राष्ट्रपति कार्यालयका २५ भन्दा बढी कर्मचारीहरुलाई क्वारेन्टाइनमा राखिएको छ ।

पेस्कोवले एक महिना अघि राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेटेको खुलासा भएको छ । रुसमा कोरोना संक्रकित हुनेमा पेस्कोव रुसका पाँचौं उच्च तहका अधिकारी हुन् । यसअघि रुसका प्रधानमन्त्रीलाई कोरोना संक्रमण पुष्टी भएको थियो । पेस्कोव दम्पती हाल रुसको एक अस्पतालको आइसोलेशनमा भर्ना गरिएको छ ।

रुसमा हाल २ लाख ३० हजार भन्दा बढीमा कोरोना संक्रमण भएको छ भने २ हजार भन्दा बढीको मृत्यु भईसकेको छ ।


## Invitation for Bids

### Chaukune Rural municipality

**Invitation for Bids for the Construction of Community health unit Building at chaukune-09, Construction of Community health unit Building at chaukune-07,Construction of Community health unit Building at chaukune-06, Construction of Community health unit Building at chaukune-05, Construction of Community health unit Building at chaukune-01.**

publication: 2077/02/01

1. **Chaukune Rural Municipality** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Community health unit Building at chaukune-09, Construction of Community health unit Building at chaukune-07,Construction of Community health unit Building at chaukune-06, Construction of Community health unit Building at chaukune-05, Construction of Community health unit Building at chaukune-01 under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Chaukune Rural Municipality Gutu ,Surkhet** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. A complete set of Bidding Documents may be purchased from the office Chaukune Rural Municipality and the office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **3000** till **2077/02/30** during office hours.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,.** Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   ***Name of the Bank: Laxmi Bank    Name of Office: Chaukune Rural Municipality***
   ***Office Code no. :096    Office Account no.: 09611000177***
4. Pre-bid meeting shall be held at **Chaukune Rural Municipality Gutu surkhet** at **2077/02/14 15:00hours**
5. Sealed or electronic bids must be submitted to the office **Chaukune Rural Municipality** by hand or through PPMO **website www.bolpatra.gov.np/egp** on or before **12 AM** on **2077/02/31.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2077/02/31 14 hours** at the office of **Chaukune Rural Municipality Gutu ,surkhet.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Security amount**, which shall be valid for 30 days beyond the validity period of the bid.Information to deposit the cost of bidding document in Bank:

   ***Name of the Bank: Laxmi Bank    Name of Office: Chaukune Rural Municipality***
   ***Office Code no. :096    Office Account no.: 09611000160***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N | Contract No. | Name of Project | Estimated amount (with Vat) | Security Amount | Bid Document Fee | Remark |
|---|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/13/076/77 | Construction of Community health unit Building at chaukune-09 | 4399412.65 | 110000 | 3000 | |
| 2 | NCB/WORKS/14/076/77 | Construction of Community health unit Building at chaukune-07 | 4399412.65 | 110000 | 3000 | |
| 3 | NCB/WORKS/15/076/77 | Construction of Community health unit Building at chaukune-06 | 4399412.65 | 110000 | 3000 | |
| 4 | NCB/WORKS/16/076/77 | Construction of Community health unit Building at chaukune-05 | 4399412.65 | 110000 | 3000 | |
| 5 | NCB/WORKS/17/076/77 | Construction of Community health unit Building at chaukune-01 | 4399412.65 | 110000 | 3000 | |



**दुम्जामा मकै बाली** : सिन्धुलीको सुनकोशी गाउँपालिका-१ स्थित कुशेश्वर दुम्जामा किसानले लगाएको मकै खेती ।

*तस्बिरः पेमा लामा/रासस*

# लकडाउनबीच नलगाड जलविद्युत् आयोजनाको काम शुरु

**हेमन्त केसी/रासस**
काठमाडौं, ३१ बैशाख

कोरोना भाइरसको (कोभिड-१९) जोखिमका बीचमा नलगाड जलविद्युत् आयोजनाको काम शुरु भएको छ । कोरोना भाइरसको त्रासका कारण रोकिएको काम सीमित जनशक्ति प्रयोग गरेर शुरु भएको आयोजनाका इन्जिनीयर पदम थापाले जानकारी दिए । ४१७ मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएर विस्तृत आयोजना प्रतिवेदन (डिटेल प्रोजेक्ट रिपोर्ट) को काम भइरहेको नलगाड जलविद्युत्को बाँधस्थलमा सडक निर्माणको काम शुरु भएको उनले बताए । सहायक मार्गका रूपमा रहेको कालिमटी सिर्केसम्मको सडकमा तार जाली लगाउने काम शुरु भएको बताए ।

बाँधस्थलमा रहेको कडा चट्टान फोर्नका लागि ब्लास्टिङ गर्ने काम जारी रहेको छ । त्यस्तै आयोजनास्थलमा जानका लागि मुख्य मार्गको रूपमा रहेको कालिमटी अधेरी खोला (११ किलोमिटर) सडक खण्डको खारास्थित नलगाड नदीमा पुल निर्माणका लागिसमेत काम शुरु गरिएको बताए । आयोजनास्थलमा यातायातको साधन लिन र ल्याउनका लागि यो पुल निर्माण हुनु जरुरी रहेको छ । अहिले पुल निर्माणस्थलमा रहेका ठूला ढुङ्गा फोर्ने काम जारी रहेको आयोजनाले जानकारी दिएको छ ।

आयोजना निर्माण गर्दा प्रभावित हुने घरधुरीलाई दिनुपर्ने मुआब्जाको कामसमेत शुरु गर्न लागिएको इन्जिनीयर थापाले बताए । प्रभावित सबै घरधुरीले बैंकमा खाता खोलिसकेका कारण अब पैसा उनीहरूको खातामा भुक्तानीमात्र गर्न बाँकी रहेको छ । जग्गाको मुआब्जा वितरणको काम दोस्रो चरणमा प्रवेश गरेसँगै स्थानीयवासीले निर्माण गरेका घरको लागत सङ्कलनको काम शुरु भएको छ । करिब ५०० को सङ्ख्यामा यहाँ घर रहेका आयोजनाका इन्जिनीयर पदम थापाले जानकारी दिए । उहाँका अनुसार यहाँको तीन हजार ९३३ कित्ता जग्गा अधिग्रहण गरिएको छ ।

यसबाट चार हजार ६०५ रोपनी जग्गाको मुआब्जा पाउनेमा सहमति पनि भएको थापाको भनाइ छ । प्रमुख जिल्ला अधिकारी जनकराज पन्तसँग समन्वय गरेर मुआब्जा वितरणको काम छिट्टै सम्पन्न गर्ने तरखरमा रहेको बताइएको छ । प्रत्येक रोपनीको रु ६ लाखका दरले रकम दिने सहमति भएको पनि उनले जानकरी दिए ।



आयोजनास्थलमा विसं २०७६ भदौ २७ गते मुआब्जा पाउनेको नामावली सार्वजनिक भई जिल्ला प्रशासन कार्यालय, जाजरकोटले बारेकोट गाउँपालिकालाई डुबान क्षेत्रमा भौतिक संरचना निर्माण कार्य रोक्न अनुरोधसमेत गरेको थियो । प्रतिरोपनी रु ६ लाख मुआब्जा दिने सहमति भएको छ । सरकारले आयोजना प्रभावित ६५७ भन्दा बढी घरपरिवारलाई रु दुई अर्ब ७२ करोड मुआब्जा बैंक खातामा नै जम्मा गरिदिने तयारी अन्तिम चरणमा पुगेको बताएको छ ।

डिपिआरका लागि सुरुङ निर्माण पूरा भएको छ । सुरुङभित्र डिलिङ गरेर (ढुङ्गा जाँच) नमूना जाँचका लागि लागि ढुङ्गा निकाल्ने काममात्र बाँकी रहेको छ । सो डिलिङ गर्ने सामग्री नहुँदा अहिले भारतबाट सामग्री ल्याउने काम भइरहेको छ । जम्मा पाँचवटा सुरुङ रहेकामा विद्युत् उत्पादनगृह नलगाड नगरपालिकाको वडा नं ७ मा एउटा सुरुङ निर्माण गरिएको छ ।

त्यस्तै आयोजनाको बाँध निर्माणस्थल बारेकोट गाउँपालिकाको अधेरीखोलामा चारवटा सुरुङ निर्माण गरिएको छ । यी सबै सुरुङबाट नमूना सङ्कलनका लागि ढुङ्गा निकालिने छ ।

**कसरी बन्दै छ आयोजना ?**

नलगाड जलविद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) को जिम्मा अष्ट्रेलियाको स्मेक इन्टरनेशनल प्रालि, अमेरिकाको एमडब्लुएच इन्टरनेशनल आरएनसी र नेपाली उदय कन्सल्टेन्सीले लिएका छन् ।

आयोजना निर्माणस्थलमा प्रभावित हुने क्षेत्र बारेकोट गाउँपालिका र नलगाड नगरपालिकाभित्र पर्ने नलगाड नदीमा निर्माण हुन लागेको नलगाड जलविद्युत् आयोजनाबाट यहाँका फलाम, तामाखानी, जलचर, कस्तुरी, चिरकालिज, सुनगिद्ध, मृग तथा शिलाजितलगायत जडीबुटीलाई पर्ने प्रभावका विषयमा यहाँका स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् ।

पुस्तौँदेखि बस्दै आएका स्थानीयवासीलाई उचितरूपमा व्यवस्थापन गर्नुपर्ने र आयोजना निर्माणस्थलबाट विस्थापित भएकालाई राज्यले कति वर्षसम्म सहयोग गर्ने हो त्योसमेत किटान गर्न आग्रह गर्दै सकेसम्म स्थानीयस्तरमै बसोबासको व्यवस्थापन गर्न आग्रह गरेका छन् । सरकारले आयोजनाको डिपिआर छिटो निर्माण गरी निर्माण प्रक्रियामा लैजाने तयारी गरेको छ ।

कर्णाली प्रदेशको सामरिक महत्वका रूपमा हेरिएको यो आयोजना निर्माण गर्न कम खर्चिलो हुनाका साथै सजिलोसमेत भएको ऊर्जाविज्ञको तर्क छ । केही दिनअघिमात्र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले नलगाड जलविद्युत् आयोजना निर्माणका लागि जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लाई आग्रह गरेको थियो ।

जापानी व्यवसायी एवं जाइकाले नलगाड जलविद्युत् आयोजना निर्माणका लागि इच्छासमेत देखाएका छन् । आयोजना निर्माणका लागि रु एक खर्ब २३ अर्ब लाग्ने अनुमान गरिएको छ । वातावरणीय व्यवस्थापन अनुमानित लागत रु ५६ अर्ब लाग्ने आयोजनाले बताएको छ । यो आयोजना निर्माण कार्य साढे ६ वर्षभित्र पूरा गर्ने लक्ष्य लिइएको छ । आयोजनाको बाँध भरिँदा ४७४ करोड घनमिटर पानी भण्डारण हुनेछ । यो निर्माणस्थल समुद्री सतहदेखि एक हजार ५८० सम्मको उचाइमा पुग्नेछ ।

यहाँ ५४५ मिटर चौडाइ र २१० मिटर अग्लो जलाशय बन्नेछ । आठ हजार ३०० मिटर लामो भूमिगत सुरुङ निर्माण गरी ४१७ मेगावाट विद्युत् उत्पादन हुने डिपिआरमा उल्लेख छ ।

### अर्थमन्त्रीले भने


# अर्थतन्त्र चलायमान नभए रोगले छोड्ला भोकले छोड्दैन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ बैशाख

अर्थमन्त्री डा. युवराज खतिवडाले आर्थिक पुनःउत्थान, स्वास्थ्य पूर्वाधार र कृषि क्षेत्रमा आगामी आर्थिक वर्षको बजेट केन्द्रित हुने बताएका छन् । आर्थिक वर्ष २०७७/०७८ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै उनले स्वास्थ्य पूर्वाधारलाई पहिलो प्राथमिकतामा राखिएको बताए ।

आधारभूत स्वास्थ्य सेवा र शिक्षामा राज्यको भूमिका दरिलो बनाउन बजेट केन्द्रित हुने अर्थमन्त्रीको भनाइ थियो । 'अहिले रोगसँग लड्नुपर्ने छ अर्कातर्फ भोकसँग पनि लड्नुपर्नेछ, उत्पादनसँग जोडिएको क्षेत्रलाई चलायमान बनाउनुपर्नेछ', उनले भने, 'काम र रोजगारीसँग सम्बन्धित क्षेत्रमा लगानी बढाएनौँ भने अर्थतन्त्र चल्दैन ।' न्यूनतम आर्थिक क्रियापकलाप सुचारु राखिएन भने रोगबाट त बचिएला तर भोकबाट बचिँदैन ।'

उनलेकोरोनाका कारण आर्थिक क्रियाकलापमा केही शिथिलता आए पनि व्यापार घाटा कम हुँदै गएको, भुक्तानी सन्तुलनको स्थिति सुधार हुँदै गएको बताए ।



देशभित्र विद्युत् उत्पादन बढ्दै गएको, विद्युत् आयात निरन्तर घट्दै गएको, पछिल्ला अवधिमा एक अर्बको विद्युत् निर्यात गरिएको जानकारी दिए ।

कोरोना नेपालको मात्र नभएर विश्वकै साझा समस्या भएको उल्लेख गर्दै उनले विश्वकै अधिकतम सहयोग र सहकार्यका खाँचो औंल्याए । विदेशमा रहेका नेपालीको स्वास्थ्य सुरक्षाप्रति सरकार गम्भीर रहेको भन्दै उनलेप्रधानमन्त्री र परराष्ट्रमन्त्रीले सम्बन्धित मुलुकका समकक्षीसँग संवाद गरी कुनै पनि नागरिकलाई समस्या पर्न नदिन पहल गरिरहेको बताए ।

विदेशमा अलपत्र परेका नेपाली नागरिकलाई कोभिड-१९ को जोखिम न्यूनीकरण भएपछि स्वदेश फर्काउने विषयमा छलफल भइरहेको उल्लेख गर्दै अर्थमन्त्री डा खतिवडाले जोखिमको अवस्थामा धेरै अवातजावत गर्न नहुने र सङ्क्रमणको जोखिमको सन्दर्भमा पनि सबैले ख्याल गर्नुपर्ने बताए ।

उनले सरकारले यथार्थपरक ढङ्गबाट पूर्ण बजेट ल्याउने र आंशिक बजेटको विषयमा सोचसमेत नराखेको बताए । 'आर्थिक वर्षको शुरुआतमा आउने बजेट पूरक हुँदैन', उनले भने । सरकारले प्रस्तुत गरेको आर्थिक वर्षको बजेटको सिद्धान्त र प्राथमिकता पुरानै भयो भनेर भन्नु पुरानै सोच भएको उनले टिप्पणी गरे ।

सीमा सुरक्षा, सीमामा तरबार लगाउनेजस्ता विषय सर्वदलीय छलफलमार्फत अगाडि बढ्ने भएकाले सीमा व्यवस्थापन गर्न राष्ट्रिय धारणा बनाएर अगाडि बढ्नुपर्ने उनलेबताए । सीमा सुरक्षामा खटिने सुरक्षाकर्मीको सुरक्षा, बसोबास र प्रोत्साहनको व्यवस्था बजेटमार्फत सुनिश्चित गरिने उनको भनाइ थियो ।

बजेटको प्राथमिकता के-के हुनुपर्छ भन्नेमा राष्ट्रियसभा र प्रतिनिधिसभामा आफूले एकै मत पाएको उल्लेख गर्दै अर्थमन्त्री डा खतिवडाले छलफलबाट प्राप्त सुझावलाई यथोचित ग्रहण गरेर नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिने बताए ।

# नेप्सेको ओरालो यात्रा कायमै




**काठमाडौं/मस**–धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार पनि ओरालो लागेको छ । नेपाल स्कटक एक्सचेन्जका अनुसार नेप्से २४.५८ अङ्कले घटेर एक हजार २०१.५७ मा पुगेको छ । यस्तै सेन्सेटिभ परिसूचक पनि ५.३५ अङ्कले घटेर २६०.३२ मा पुगेको छ ।

परिसूचक दुई प्रतिशतले ओरालो लागेपछि नेप्सेले बुधबारका लागि कारोबार बन्द गरेको हो । बुधबार कूल ७४ कम्पनीका १० हजार ५२६ कित्ता शेयर रु ३६ लाख १३ हजार ५२३ मा खरिदबिक्री भयो । कारोबार भएका कूल ११ उपसमूहको शेयर ओरालो लागेको छ । बैंकिङ २५.६५, व्यापार १२.६७, होटल ३.३८, विकास बैंक ७.९२, जलविद्युत् १८.०३, फाइनान्स ३.६३, निर्जीवन बीमा ५७.१७, उत्पादन ३४.२२, अन्य १८.७६, माइक्रोफाइनान्स २३.९६ र जीवन बीमा उपसमूहको शेयर १२९.९७ अङ्कले घटेको छ ।

कारोवार रकमका आधारमा बुधबार नेपाल दूरसञ्चार कम्पनी शीर्षस्थानमा रह्यो । सो कम्पनीको शेयर रु आठ लाख ६२ हजार ९५० मा खरिदबिक्री भयो । यस्तै नेपाल बैंकको रु तीन लाख ९८ हजार १९०, नबिल बैंक रु दुई लाख ८७ हजार १७०, नागरिक लगानी कोषको रु दुई लाख २९ हजार ८४०, प्रभु बैंकको रु दुई १५ हजार २० र छिमेकी लघुवित्त विकास बैंकको शेयर रु ९० हजार ४५० मा खरिदबिक्री भयो ।

बुधबार सबैभन्दा बढी लक्ष्मी विकास बैंक र तारागाउँ रिजेन्सी होटल लिमिटेडका लगानीकर्ताले समान ३/३ प्रतिशतले गुमाए । यस्तै नागरिक लगानी कोष, जनउत्थान सामुदायिक लघुवित्त विकास बैंक र नाडेप लघुवित्त वित्तीय संस्थाको समान २.९९/२.९९ र हिमालनय डिष्टिलरी र नेपाल दूरसञ्चार कम्पनीका लगानीकर्ताले समान २.९७ प्रतिशतका दरले गुमाए ।

# उद्योग सञ्चालन गर्न अनुमति

**काठमाडौं/मस**–शुक्लागण्डकी नगरपालिका-७, सेरास्थित बहुराष्ट्रिय सूर्य नेपाल उद्योग सञ्चालन गर्न मंगलबार स्थानीय सरकारले अनुमति दिइएको छ । लकडाउनका समयमा कोरोना संक्रमित रेडजोन सिमराबाट कच्चा पदार्थ ल्याइएको भन्दै उद्योग बन्द गर्न स्थानीयवासीले दबाब दिएका बेला स्थानीय सरकारको पहलमा उद्योग सञ्चालन गर्न अनुमति दिएको हो । केही दिनअघि कम्पनीले चुरोट उत्पादनका लागि सिमराबाट सात कन्टेनर कच्चा पदार्थ रातारात ल्याएकाले कोरोना संक्रमण फैलन सक्ने भन्दै लकडाउन अवधिभर उद्योग बन्द गर्न स्थानीयवासीले दबाब दिँदै आएका हुन् । संघीय र गण्डकी प्रदेश सरकारको मापदण्डानुरुप स्थानीय सरकारको समन्वयमा उद्योग सञ्चालन गर्न अनुमति प्रदान गरिएको शुक्लागण्डकी नगरपालिकाका नगर प्रमुख किसान गुरुङले जानकारी दिए ।

संघीय सरकारले तोकेको मापदण्डानुरुप उद्योगभित्र रहेको मौज्दात कच्चा पदार्थ कुहिन नदिने हिसाबले उद्योग सञ्चालन गर्ने अनुमति दिइएको जनाइएको छ । उद्योगमा काम गर्ने मजदूरलाई सामाजिक दूरी कायम गरेको, कर्मचारीलाई उद्योगभित्रै क्वारेन्टाइनको व्यवस्था गरिएको तथा स्थानीय जनशक्ति परिचालन गरी काम गरेको अनुगमनमा भेटिएकाले संञ्चालनका लागि अनुमति दिइएको उनले स्पष्ट गरे ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**